खार्पुनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बजार, खार्पुनाथ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७८

खार्पुनाथ गाँउ कार्यपालिकाबाट पारित

**प्रस्तावना:**नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन , ऐन२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएकोऐन, नियम, निर्देशिका, कार्यविधि मापदण्डतथा स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहनेविभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण बिक्री र वितरणको प्रबन्ध गर्न खार्पुनाथ गाँउपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम खार्पुनाथ गाँउकार्यपालिकाको मिति २०७८।११।०५ मा बसेको बैठकले  यो कार्यविधि स्वीकृत गरी लागुगरेको छ ।

**भाग( १**
**प्रारम्भिक**

ज्ञ। **कार्यविधिको नाम:**यस कार्यविधिको नाम स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७८ रहेको छ ।

द्द। **कार्यविधि लागू हुन** यो कार्यविधिः खार्पुनाथ गाँउ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

**भाग(२**
**स्थानीय राजपत्रको भाग र ढाँचा**

घ। **स्थानीय राजपत्रको भागहरु:** स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयस्तुलाई अनुसूची(१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएकोछ ।

ढ्ढ। **स्थानीय राजपत्रको ढाँचा:**स्थानीय राजपत्रको ढाँचा अनुसूची(२मा उल्लेख भए बमोजिम हुनेछ ।

छ। **खण्डको व्यवस्थाः** स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष ( उदाहरणका लागि २०७४ साललाई ,१ २०७४ साललाई १, कायम गरी त्यसपछि क्रमशः जति –
वर्ष भयो त्यतिनै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

ट। **स्थानीय राजपत्रको संख्याः**

(१) स्थानीय राजपत्रको संख्या कायम गर्दाक्रमशः संख्या वकायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिमसंख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी वर्षभरी सो पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को वर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

ठ। **स्थानीय राजपत्रमा प्रकाशनगर्ने सामग्रीः**स्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तु सँग सम्बन्धित भागको उल्लेख गरी ( जस्तै ऐन भए भाग(१ उल्लेख गर्नेत्यस पछि प्रकाशन सामग्री ( ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावना देखि अन्तिमसम्म) को
सम्पूर्ण व्यहोरा जस्ताको त्यस्तै राखी प्रकाशन गरिनेछ ।

ड। **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः**स्थानीय राजपत्र खार्पुनाथ गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा

“आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुख⁄प्रशासकीय अधिकृतको नाम र गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्याशं राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग(३
## स्थानीय राजपत्रकोप्रकाशन, अभिलेख तथा वितरण

ढ। **स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः**

(१) कार्यपालिकाले कुनैशाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्यविवरण सहित जिम्मेवारी तोक्नेछ।

विष्णु बहादुर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिमतोकिएको शाखा वा एकाइ बाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

ज्ञण। **प्रकाशनपूर्व सम्पादन गर्नुपर्नेः**

(१) प्रकाशन हुनेसामग्री गाँउ कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादितप्रति प्रमाणीकरणगरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

ज्ञज्ञ। **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः**

(१) प्रमाणीकरण भई आएकासामग्रीकोअभिलेखदुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिमस्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीका सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीयअधिकृत वा निजले तोकेको अधिकृतले उपदफा(२) बमोजिमको अभिलेखपुस्तिकालाई प्रमाणित गरिनेछ ।

ज्ञद्द। **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेः**नगरपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमानिःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारकोसंघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय, (ख) जिल्ला समन्वय समिति,

(ग) गाँउपालिकाको सूचना तथा अभिलेख ,केन्द्र
(घ) सम्बन्धित स्थानीय महाशाखा/शाखा, र

(ङ) गाँउपालिकाका प्रत्येक वडाकार्यालय

ज्ञघ। **वेभ साइटबाट सार्वजनिकगर्नुपर्नेः** गाँउपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गााउपालिकाको वेभसाइटमा छुट्टै खण्ड(अलग पोर्टलनिर्माण गरीसोबाट समेत सार्वजनिक गरिनेछ ।

ज्ञद्ध। **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः**

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

(१) प्रकाशित स्थानीय राजपत्र गाँउपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेखकेन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहायबमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

(क) **बार्षिक सदस्य बनाई बिक्री गर्दाः** वडा कार्यालय वा खार्पुनाथ गाँउपालिकाबाट बुझिलिने गरीबार्षिकसदस्यता शुल्क लिईबक्रीी गरेमा बार्षिकरु. ८,९०।- (पाँच

सय नब्बेमात्र)

(ख) **खुद्रा बिक्री गर्दाः**स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ ल`संस्था

स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ।


- ☐ १ देखि ८पेज सम्म एक,तिकोप २०रु. मात्र
- ☐ ९ देखि २४पेज सम्म एक,तिकोप रु.८० मात्र
- ☐ २८ देखि ४० पेज सम्म एक प्रतिको रु.८० मात्र
- ☐ ४१ देखि ८६पेज सम्मएक प्रतिको रु.१०० मात्र
- ☐ ८७ देखि ७२ सम्म एक ,तिकोप १८०रु. मात्र
- ☐ ७३ देखि ९६ सम्म एक प्रतिको रु.२०० मात्र
- ☐ ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रतिपेज २ रुपैयाँका दरले थप शुल्क लिइनेछ।

ज्ञछ। **बिक्रीबाट प्राप्त रकम सञ्चित कोषम जम्मा गर्ने** स्थानीयः राजपत्र बिक्री बापत प्राप्त राजश्व गाँउपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

ज्ञट। **कार्यविधिको व्याख्याः**यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधाउत्पन्न भएमा गाँउकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

ज्ञठ। **बचाऊः** यो कार्यविधि लागू हुनु भन्दा अगावै गाँउपालिकाले पारित गरी लागू गरेका कानुन,

ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ।



**विष्णु बहादुर शाही**
**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची(१

(दफा ३ सँग सम्बन्धित)

**स्थानीय राजपत्रमा प्रकाशन गर्नेषयविरत्तु र भागहरु**

**भाग(१**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग(२**

यस भागमा गाँउ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि,मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको

प्रकाशन गरिनेछ ।

## अनुसूची(२

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँगसम्बन्धित)

खर्पुनाथ गाँउपालिका

# स्थानीय राजपत्र

खण्डः ५.. संख्याः५...मितिः२०७८ ..../११../०५..

**भाग-१**

खर्पुनाथ गाँउपालिका

ऐनतथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,
नामःविष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

(दफा ४ तथा अनसूची(१ को भाग(२ सँगसम्बन्धित)

**विष्णु बहादुर शाही**
**प्रमुख प्रशासकीय अधिकृत**

**कर्ण बहादुर रावल**
**अध्यक्ष**